आज मिति २०८० साल श्रावण २८ गते आईतबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को दास्रो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित :**

श्री विन्देश्वर यादव - लेखापाल -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. धार्मिक कार्यक्रम संचालन सम्बन्धमा ।
३. भेटेरीनरीको उपशाखा संचालन सम्बन्धमा ।
४. कार्यालयको कामकाजको लागि भारतको दिल्ली जाने सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/०४/१४ गते बसेको आ.व. २०८०/०८१ को पहिलो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र गाउँपालिका तथा वडा कार्यालयको इजाजत नलिई विभिन्न प्रकारका धार्मिक गतिविधिहरु संचालन भएको भन्ने जनगुनासो वडा कार्यालयहरुमा आईरहेको हुँदा देवानगञ्ज गाउँपालिका भित्र कुनैपनि प्रकारका धार्मिक कृयाकलापहरु गाउँपालिका वा सम्बन्धित वडा कार्यालयबाट इजाजत लिएर मात्र यस्ता धार्मिक कृयाकलापहरु संचालन गर्न गराउन सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.७ मा विगत समयमा भेटेरीनरीको सेवा केन्द्र संचालन भई केहि समय अघि गाउँपालिकामा रहेको भेटेरीनरी शाखामा समायोजन गरिएकोमा पुनः त्यस क्षेत्रका नागरिकहरुबाट भेटेरीनरी उपशाखा स्थापना गरी सेवा प्रवाह गर्न माग भएको हुँदा देवानगञ्ज गा.पा. वडा नं.७ मा भेटेरीनरी उपशाखा स्थापना गरी सेवा प्रवाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको विभिन्न कामकाजको सम्बन्धमा गाउँपालिका अध्यक्ष श्री बेचन प्रसाद मेहता ज्यूको संयोजकत्वमा तपसिल बमोजिमका व्यक्तिहरु भारतको राजधानी नयाँदिल्ली सम्म जानुपर्ने भएकोले सो

भ्रमणमा लागेको खर्च गाउँपालिकाबाट भुक्तानी हुनेगरी भ्रमण स्वीकृती दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) बेचन प्रसाद मेहता - देवानगञ्ज गा.पा. अध्यक्ष

२) राकेश मेहता - देवानगञ्ज गा.पा. वडा नं.२

३) बुधनारायण यादव - देवानगञ्ज गा.पा. वडा नं.७